नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्रोत परिचालन समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं. ०१-४२००२८३
फ्याक्स नं. ०१-४२००३३६

प.सं. २०७५/०७६
च.न. ९१

मिति : २०७५।५।६

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू**
**काठमाडौं उपत्यका भित्रका महानगर/नगरपालिकाहरु (सबै १८)**
**काभ्रे जिल्लाका सबै नगरपालिकाहरु (६) ।**

विषय : उपस्थिति सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आ.ब. २०७५।७६ मा प्रदेश र स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा कर लगाउँदा नेपाल सरकारले लगाएको करसंग पर्न गएको दोहोरोपन, स्थानीय जनताको कर तिर्नसक्ने सामर्थ्यअनुरुप करारोपण भए नभएको विषय, कर लगाउँदाको अधिकार क्षेत्रको प्रश्न र शुल्क तथा दस्तुरहरु लगाउँदा प्रदान गरिएको सेवा सुविधाहरुको लागत अनुरुप भए नभएको विषयमा विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था र करका आधारभूत सिद्धान्त, नेपाल सरकारको वर्तमान राजस्व नीति र विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिका लगायत अनलाईन मिडियामा आएका जनगुनासोहरु समेतको अध्ययन विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५।४।२९ को निर्णय अनुसार यस मन्त्रालयका श्रीमान् सचिवज्यूको संयोकत्वमा एक समिति गठन भएको व्यहोरा विदितै छ । सो सम्बन्धी विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमां बैठक आयोजना गरिएकोले आ-आफ्नो नगरपालिकाको चालु आ.ब. को स्वीकृत आर्थिक ऐन, विनियोजन ऐन (अनुसूची समेत) र वार्षिक बजेट तथा कार्यक्रम सहित प्रमुख प्रशासकीय अधिकृत तथा राजस्व शाखा/महाशाखा/विभाग प्रमुखको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ ।

**मिति** : २०७५।५।७ (बिहिवार)

**समय** : दिनको ३.०० बजे

**स्थान** : संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालयको सभाहल

**बोधार्थ:**

श्री आन्तरिक व्यवस्थापन शाखा : आवश्यक व्यवस्थापनको लागि ।

श्री सूचना तथा प्रविधि शाखा : वेभ साईटमा अपलोड गरिदिनु हुन ।

२०७५।५।६

(विष्णुदत्त गौतम)
उप सचिव